
प्रतिदिन १६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY




वर्ष-१६ ।। अङ्क : १०२ ॥ २०८१ जेठ ०९ गते बुधबार (22nd May 2024 Wednesday) Pratidin National Daily मूल्य-रु.५/-

## कान्तिपुरका अध्यक्ष सिरोहिया कार्यकक्षबाटै पक्राउ



झापा कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियालाई प्रहरीले नियन्त्रणमा लिएको छ। सिरोहियालाई थापाथलीस्थित मुख्यालयबाटै नियन्त्रणमा लिइएको हो। नागरिकताको विषयलाई लिएर जिल्ला अदालत धनुषाले पक्राउ पूर्जी जारी गरेपछि प्रहरीले उनलाई पक्राउ गरेको हो। अपराध अनुसन्धान कार्यालयका एसएसपी सानुराम भट्टराई नेतृत्वको टोली थापाथलीस्थित कान्तिपुर मुख्यालयमा पुगेर अध्यक्ष सिरोहियालाई नियन्त्रणमा लिएको हो। प्रहरीले उनको कार्यकक्षबाटै नियन्त्रणमा लिएको हो। पक्रेर लैजाँदै गर्दा उनका समर्थकहरूले गृहमन्त्री र प्रहरीको कार्यशैलीको विरोध गर्दै नाराबाजी गरेका थिए। कान्तिपुर मुख्यालयमा पुगेर अध्यक्ष सिरोहियालाई पक्राउ गर्नु प्रेस स्वतन्त्रताविपरीत भएको सरोकारवाला पक्षहरूले बताएका छन्। नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेल, वरिष्ठ पत्रकार युवराज घिमिरेलगायतले सञ्चार गृहमा प्रहरी प्रवेश गरेर अध्यक्ष सिरोहियालाई पक्राउ गर्नु गलत भएको बताए। त्यस्तै नेपाल पत्रकार महासंघका उपाध्यक्ष रमेश विष्ट, नेपाल प्रेस युनियनका अध्यक्ष शिव लम्सालले राज्यले लोकतन्त्रको उपहास भएको बताए।

यसअघि सिरोहियालाई पक्राउ पूर्जी जारी भएको थाहा भएपछि नेपाली कांग्रेसका सांसदहरू कान्तिपुर मुख्यालय पुगेका थिए। कांग्रेस सांसदहरू रामहरि खतिवडा, पूर्वपराष्ट्रमन्त्री एनपी साउद, राजेश थापा, दीपक गिरी, कुसुम थापा, रामकृष्ण यादव, उद्योगी उपेन्द्र महतोलगायत कान्तिपुर मुख्यालय पुगेका थिए।

कान्तिपुर मुख्यालय पुगेका कांग्रेस नेताहरूले सिरोहियाविरुद्ध जारी पक्राउ पुर्जी प्रेस र लोकतन्त्रमाथिकै आक्रमण भएको बताएका थिए। उनीहरूले अध्यक्ष सिरोहियालाई भेटेर कांग्रेस सधैं प्रेस स्वतन्त्रता र प्रजातन्त्रको पक्षमा रहने प्रतिबद्धता जनाएका थिए।

मंगलवार नै संसदमा पनि कांग्रेसका सहमहामन्त्रीसमेत रहेका बद्री पाण्डेले गृहमन्त्री रवि लामिछानेले रिसबी साँध्नेगरी सिरोहियामाथि पक्राउ पूर्जी जारी गरेको बताएका थिए।

यसअघि अध्यक्ष सिरोहियाले विज्ञप्ति जारी गर्दै कानुनअनुसार हुने हरेक अनुसन्धानमा सम्पूर्ण सहयोग गर्न एक जिम्मेवार नागरिकका रूपमा तयार रहेको बताएका थिए। राज्य शक्तिको दुरुपयोग गरेर कुनै प्रतिशोध र हस्तक्षेपबाट आफू अध्यक्ष रहेको कान्तिपुर मिडिया ग्रुप किञ्चित् पनि विचलित नहुने उनको भनाइ छ। पक्राउपछि अध्यक्ष सिरोहियाले स्वयं गृहमन्त्री लामिछानेले दोहोरो राहदानी प्रयोग गरेको र त्यसउपरसमेत राज्यले छानबिन गर्नेमा आफू विश्वस्त रहेको बताए।

त्यस्तै नेपाल मिडिया सोसाइटीले कान्तिपुरले प्रमुखताका साथ समाचार बनाएको झोंकमा गृहमन्त्री रवि लामिछानेले प्रतिशोध साधेको भन्दै भर्त्सना गरेको छ। सोसाइटीका अध्यक्ष शुभशंकर कँडेलले विज्ञप्ति जारी गर्दै भनेका छन्, 'व्यक्तिगत रिसइबी र इगो साध्ने हतियारका रूपमा आफ्नो मातहतको निकायलाई दुरुपयोग गरी कथित नागरिकताको कमीकमजोरीको प्रचारबाजी र जाहेरी दर्ता गर्न लगाएर पक्राउ पुर्जी जारी गरेको घटनाको हामी घोर निन्दा र भर्त्सना गर्दछौं।'

## सिमल तरुलको प्रवर्द्धनमा जोड

• **लक्ष्मी उप्रेती**

मेचीनगर । मेचीनगर नगरपालिकाले जडीबुटीजन्य कन्दमुल सिमल तरुल बालीको प्रवर्द्धनमा जोड दिँदै कृषकहरुलाई खेती गर्न आग्रह गरेको छ। बहुउपयोगी सिमल तरुलको उपयोगिता, महत्व , उद्योग र खेतीका बारेमा नगरपालिकाले यसका विज्ञसँग नगरका कृषक, कृषिसँग सम्बन्धित संघ संस्था, सहकारीका प्रतिनिधि र जनप्रतिनिधिहरुलाई राखेर छलफल शुरु गरेको छ ।

दुई महिनाअघि नगरपालिकाले जनप्रतिनिधि, कृषि क्षेत्रका सहकारी संस्था, कृषक समूहको उपस्थितिमा सिमल तरुलको व्यावसायिक उत्पादनका विषयमा विषयविज्ञ डाक्टर डा. बद्रीप्रकाश ओझाको सहजीकरणमा छलफल गरेको थियो । सोही क्रममा मंगलबारसमेत नगरपालिकाको सभाहलमा यही विषयमा छलफल तथा अन्तरक्रिया भएको छ। मेचीनगर नगरपालिकाले नेपाल बहुउद्धेश्यीय सहकारी संस्था लि (एनएमसी) को समन्वयमा आयोजना गरेको कार्यक्रममा विषयविज्ञ डाक्टर ओझाले सिमल तरुल बहुवर्षीय उपयोगी बाली भएपनि नेपालमा सिमल तरुल कसरी भित्रियो भन्ने खास तथ्य नभेटिएको बताए । हाल नेपालको पूर्वी भागमा यसलाई उसिनेर खाने प्रचलन छ। यसको उत्पत्ति दक्षिण अमेरिकामा भएको भनाई छ। सिमल तरुल पोस्टडक्टरल अनुसन्धानमा संलग्न डाक्टर ओझाले सिमल तरुलको पिठो बनाएर मःम, चाउमिन, पास्ता, रोटी आदि परिकार तयार पार्न सकिने बताए। त्यस्तै, आइसक्रिम र ससेजमा पनि सिमल तरुलको पिठो हालिने भएपनि यो अर्कै कुनै नामले आयात हुने सायद कच्चा मासु वा आइसक्रिमको कच्चा पदार्थ भनेर आउने भएकाले यसको भन्सारमा कुनै अभिलेख नभेटिने उनको भनाई छ। सिमल तरुल खासगरी सुक्खा र बन्जर जमिनमा खेती हुने भएकाले पूर्वका थुप्रै ठाउँमा यसको खेती हुँदै आएको छ। नेपालको झापा, मोरङ, सुनसरी, उदयपुर, इलाम, सर्लाही, सिन्धुली, धनुषा, चितवन नवलपरासी, दाङ, बर्दिया, कैलाली र कञ्चनपुरलगायत जिल्लामा खेती गरिँदै आएकाले नेपालमा सिमल तरुल प्रशोधन उद्योग स्थापनाको डाक्टर ओझाले आवश्यकता औल्याए। नेपालमा प्रतिहेक्टर १५ टनसम्म उत्पादन भएको पाइन्छ। नेपालमा पुरानो बीउको प्रयोग, यसलाई त्यति वास्ता नगर्ने, मलजलको उचित व्यवस्थापन नभएका कारण कम उत्पादन भएको किसानहरुको अनुभव छ।

यसो गर्दा स्थानीय स्तरमा रोजगारको अवसर सिर्जना हुने, स्थानीयले रोजगार प्राप्त गर्ने, सबैभन्दा बढी जनताले यसको खेतीबाट लाभ लिन सक्ने बताउँदैं डाक्टर ओझाले सिमल तरुललाई रोप्न, गोड्न र खन्न जनशक्ति आवश्यक हुने हुँदा समथर जमिनमा मेसिनको पनि प्रयोग गर्न सकिने जानकारी दिए। यसको बोटबाट उत्पन्न हुने एक किसिमको किटनाशक गन्धले प्राकृतिक किटनाशकको काम गर्ने, जसले विषादीरहित खेतीका लागि प्रश्रय मिल्ने र सिमल तरुललाई बारका रूपमा लगाएर भित्र तरकारी वा खाद्यान्न लगाउन पनि सकिने भएकाले निकै उपयोगी हुने उनको भनाई छ। यसको पिठोलाई पशुदानामा मकैको विकल्पका रूपमा मिसाउन सकिने र यसबाहेक सिमल तरुलको पातलाई पनि पशुदानाका रूपमा प्रयोग गर्न सकिने उनले बताए। कच्चा सिमल तरुलबाट ३० प्रतिशत पिठो निकाल्न र अरु अंश पशुदानाका रूपमा वा एक सय केजी कच्चा सिमल तरुलबाट २० केजी साबुदाना र अरु ५० केजी अन्य कच्चा पदार्थ निकाल्न सकिने बाँकी १० प्रतिशत प्रशोधनका क्रममा नष्ट हुने बताईएको छ। अमेरिकी खाद्य तथा औषधि प्रशासनका अनुसार ३५ ग्राम सिमल तरुलमा ३१ ग्राम कार्बोहाइड्रेट पाइन्छ। दुई ग्राम रेसा पाइन्छ भने पोटासियम र क्याल्सियम क्रमशः हामीलाई दैनिक चाहिने मात्रामध्ये दुई र डेढ प्रतिशत पाइने उनको भनाई छ। ३५ ग्राम सिमल तरुलमा एक सय ३० क्यालोरी पाईने र सिमल तरुललाई भिटामिन सी र ईको राम्रो स्रोत मानिन्छ। यसमा प्रोटिन र फ्याट शून्य रहेकाले जुनसुकै स्वास्थ्य समस्या भएका मानिसले पनि सिमल तरुल खान मिल्छ। सिमल तरुल पोर्चुगल हुँदै १६ औ शताब्दीमा अफ्रिकन मुलुक र १७ औं शताब्दीमा भारतमा भित्रिएको अनुमान गरिएको छ। नेपालमा सिमल तरुलको खेती सन् १९६० को दशकतिर प्रवेश गरेको इतिहास छ। यो पहिलो विश्वयुद्धमा नेपालसम्म आइपुगेको विश्वास गरिन्छ। डाक्टर ओझाले आफूले अनुसन्धान गरेअनुसार इलामको चुलाचुली गाउँपालिकामा २०२४ सालमा एकजना लिम्बू वृद्धाले सिक्किमबाट नेपाल आउँदा एउटा लौरो टेकेर ल्याएकी र उक्त लौरो इलामको पेल्टिमारीस्थित आफ्नो घरमा पुगेपछि यसै फालिदिएकी थिइन्। पछि पुरिएर एक किसिमको सिमलजस्तो बिरुवा उम्रियो। अर्को वर्ष झन् ठूलो झाङ भयो। मानिसले उखेलेर हेर्दा तरुलजस्तो जरा भेटियो। खान मिल्ने हो कि होइन भनेर त्यत्तिकै फालिदिए। फेरि उम्रियो र ती महिलाको घरमा फैलियो। एक दुई वर्षपछि फेरि सिक्किमका आफन्तकोमा गएका बेला सिमल तरुलबारे छलफल भएपछि यो चिज खान मिल्ने जानकारी भयो। त्यसपछि पेल्टिमारीमा यो कन्दमूल फैलिएको इतिहास छ। हुनसक्छ, सोही स्थानबाट अन्य भागमा फैलियो।



मेचीनगर नगरपालिका प्रमुख गोपालचन्द्र बुढाथोकीले कार्यक्रमको अध्यक्षता गर्दै सहभागी सवैलाई स्वागतसहित धन्यवाद ज्ञापन गरे।उनले सिमल तरुलको खेतीलाई बिस्तार गर्नसके मेचीनगर नगरपालिका क्षेत्रका कृषकहरु लाभान्वित हुने कुरामा आफू विश्वस्त रहेको बताए।

नगर उपप्रमुख मीना पोखरेल उप्रेती, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अग्निप्रसाद अधिकारीलगायतको उपस्थितिमा सम्पन्न अन्तरक्रियामा मेचीनगर वडा नम्बर ४ का वडाध्यक्ष अर्जुनकुमार कार्की, नेपाल बहुउद्धेश्यीय सहकारी संस्था लि (एनएमसी) का प्रमुख कार्यकारी अधिकृत लक्ष्मीप्रसाद उप्रेती, मेची कृषक बहुमखी सहकारी संस्थाका उपाध्यक्ष दुर्गाप्रसाद सापकोटा, विष्णु गौतम, फाल्गुणीकुमार दाहाल, एकेन्द्र उप्रेतीलगायतले विभिन्न जिज्ञासा राखेका थिए। कार्यक्रमको सञ्चालन नगरपालिकाका वरिष्ठ प्रशासकीय अधिकृत अन्नतप्रकाश वस्तीले गरेका थिए।

## योन्जनको शालिक निर्माण हुन नसक्नु दुःखद्

• **वीरु दर्नाल,**

बिर्तामोड। कालजयी गीत संगीतका श्रष्टा संगीत सम्राट गोपाल योन्जनको शालिक स्थापना नहुनु दुखद् भएको संगीतप्रेमीहरुले बताएका छन्। स्वर्गीय योन्जनको २७ औं स्मृति दिवसको अवसरमा बिर्तामोडमा आयोजित स्मृति कार्यक्रमका सहभागीहरुले त्यस्तो गुनासो गरेका हुन्। कार्यक्रमका प्रमुख अतिथि वरिष्ठ गीतकार शिवशंकर थापाले शालिक निर्माण गर्दा गोपाल योन्जनजस्ता संगीतका शिखर ब्यक्तित्वले दिएको योगदानको कदर हुने बताए। 'संगीतकार योन्जनजस्ता बहुआयामिक ब्यक्तित्व न हिजो कोही थिए न त भोलि नै कोही होला' भन्दै स्वर्गीय योन्जनको बहुआयामिक ब्यक्तित्वको चर्चा गर्दै थापाले गीत संगीत तथा बाद्यवादनको सबै ज्ञान भएकाले योन्जनलाई बाद्यकार पनि भनिन्थ्यो भन्दै स्मरण गरे।



सरगम संगीतालय बिर्तामोडले सोमवार आयोजना गरेको स्मृति कार्यक्रममा संगीतालयका प्रशिक्षार्थीहरुले संगीत सम्राट योन्जन तथा स्वर सम्राट नारायण गोपालका बिभिन्न गीतहरु प्रस्तुत गरेका थिए।प्रशिक्षार्थीहरु सदिक्षा अधिकारी , रविना आङदेम्बे , अनुजा कडरिया , आकृति विष्ट - विविदा सिग्देल ( युगल ) , उत्सव अधिकारी , विशेषता अधिकारी , सौगात संग्रौला , सोनिया घिसिङ , प्रसुन गुरागाईं , आर्यन सिटौला र युगश्री मिश्रको प्रस्तुती रहेको थियो।
बाद्यवादनमा दिपक रायमाझी , बिमल बुढाथोकी , रंगलाल खनालले साथ दिएका थिए। संगीतालयका संस्थापक दिपक रायमाझीको अध्यक्षतामा सम्पन्न उक्त स्मृति कार्यक्रममा श्रष्टाहरु हस्त परियार , कृष्ण पौडेल , मणि बर्देवा , पत्रकार तथा अभिभावक कृष्ण मिश्र , सन्तोष सुब्बालगायतको आतिथ्य रहेको थियो। कार्यक्रमको संचालन लिला खत्रीले गरेका थिए। संगीत सम्राट योन्जनको मई २० , १९९७ मा निधन भएको थियो।

## सशस्त्र प्रहरीको स्थापना दिवसमा २४ जनालाई सम्मान

भद्रपुर (प्रस)। सशस्त्र प्रहरी बल नेपाल २ नं गण झापाले १७ औ स्थापना दिवसको अवसरमा २४ जनालाई सम्मान गरेको छ। गण परिसर चन्द्रगढीमा मंगलबार आयोजित कार्यक्रममा ओमसाई पाथिभरा अस्पताल भद्रपुरका अध्यक्ष समाजसेवी दिपक पोखरेलसहित बहालवाला उत्कृष्ट प्रहरी कर्मचारी ७ , खेलाडी १३ ,अवकाशप्राप्त ३ प्रहरीसहित २४ जनालाई सम्मान गरिएको हो।
पूर्वी पृतना हेडक्वाटरका प्रमुख सशस्त्र प्रहरी नायव महानिरीक्षक शम्भु सुवेदीलगायतले उनीहरुलाई

❖ बाँकी तेस्रो पृष्ठमा

## जेठ १३ मा एमालेको बिर्तामोड नगर अधिवेशन



झापा(प्रस)। यही जेठ १३ गते नेकपा एमालेको बिर्तामोड नगर अधिवेशन हुने भएको छ।
पार्टी केन्द्रीय सदस्य एवं बिर्तामोड नगर कमिटी इन्चार्ज गीता अधिकारीले अधिवेशनको लोगो सार्वजनिक गर्दै अधिवेशनको तयारी तीव्र पारिएको जानकारी दिइन्।
पार्टीको बिर्तामोडस्थित जिल्ला कार्यालयमा आयोजित सम्मेलनमा बिर्तामोड नगर कमिटी अध्यक्ष सुवास भट्टराईले अधिवेशनका लागि ४९९ प्रतिनिधि छनौट हुने बताएका छन्। यो अधिवेशन पार्टीको दोस्रो अधिवेशन हो। अधिवेशनमा वडाबाट चुनिएका ४९९ प्रतिनिधिको सहभागिता हुने र बुधवारबाट वडामा प्रतिनिधि छनोट कार्य शुरु हुने बिर्तामोडमा मंगलवार पत्रकार सम्मेलनको आयोजना गर्दै जानकारी दिइयो। पार्टीको जिल्ला तथा नगरस्तरीय नेता एवं विभिन्न जनवर्गीय संगठनका प्रमुख तथा प्रतिनिधिहरु उपस्थित सम्मेलनमा अध्यक्ष भट्टराईले भने, 'अधिवेशनको तयारी तीव्ररुपमा भइरहेको छ।' सो अधिवेशनको उद्घाटन पार्टीका महासचिव शंकर पोखरेलले गर्ने बताइएको छ।



# झापामा ब्राउनसुगरसहित चारजना पक्राउ

झापा(प्रस) । झापामा लागूऔषध ब्राउनसुगरसहित चारजना पक्राउ परेका छन् । मेचीनगरबाट तीनजना र कचनकवलबाट एकजना पक्राउ परेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

मेचीनगर-६ पुरानो मेची पुल हुँदै भारतको पानीट्याङ्कीबाट सिटी सफारीमा नेपालतर्फ आउँदै गरेका मोरङ उर्लाबारी नगरपालिका-५ का २६ वर्षीय समिर मगर र उर्लाबारी-२ का २७ वर्षीय सुजन कार्कीलाई ब्राउनसुगरसहित मंगलबार



बिहान पक्राउ गरिएको प्रहरीले जनाएको छ । इलाका प्रहरी कार्यालय र लागूऔषध नियन्त्रण ब्युरो काँकडभिट्टाबाट खटिएको संयुक्त टोलीले चेकजाँच गर्दा उनीहरूको साथबाट १२ ग्राम १२० मिलिग्राम ब्राउनसुगर बरामद गरेको थियो ।

त्यस्तै मेचीनगर-६ पुरानो मेची पुल हुँदै भारतको पानीट्याङ्कीबाट सिटी सफारीमा आउँदै गरेको दमक-९का २७ वर्षीय आशिष खडरिया ५ ग्राम १०० मिलिग्राम ब्राउनसुगरसहित पक्राउ परेका छन् । पक्राउ परेका तीनै जनालाई इलाका प्रहरी कार्यालय काँकडभिट्टामा राखिएको छ ।

त्यसैगरी कचनकवल गाउँपालिका ४ स्थित सुनकोशी चिया बगानमा लागूऔषध कारोबार भइरहेको भन्ने विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय केचनाबाट खटिएको टोलीले सोही ठाउँका ३६ वर्षीया अलिसा शेखलाई ब्राउनसुगरसहित पक्राउ गरेको छ । प्रहरीले उनको साथबाट प्लाष्टिकमा पोका पारी बोकेको २ पोकामा ४० ग्राम ८४० मिलिग्राम ब्राउनसुगर फेला पारेको थियो । उनलाई आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय झापामा राखिएको छ ।

# ४८ लाख बढीको भन्सार छलीका कपडा बरामद



झापा(प्रस) । सशस्त्र प्रहरीले भन्सार छलेर भित्र्याएको ४८ लाखभन्दा बढीको सामान बरामद गरेको छ ।

सोमवार दिउँसो २.२० बजेको समयमा कचनकवल गाउँपालिका ६ स्थित जमनाल मियाँको घरवाट भारतवाट अबैध रूपमा चोरी तस्करी गरी लुकाई छिपाई राखेको २३ पोका कपडा बरामद गरेको हो ।

सशस्त्र प्रहरी वल नेपाल नं २ गण हेक्वा झापाको विशेष सूचनाको आधारमा सशस्त्र प्रहरी बल नेपाल (प्रस्तावित)ः सीमा सुरक्षा गुल्म घेराबारीका सशस्त्र प्रहरी नायव उपरीक्षक प्रभातकुमार गौतमको कमाण्डमा खटिएको टोलीले भारतबाट चोरी तस्करी गरी ल्याई ठूलो मात्रामा भण्डारण गरी राखिएको जमनाल मियाँको घरः खानतलासी गरी ४८ लाख १८ हजार ७०० मूल्यको कपडा बरामद गरेको हो ।

उक्त लत्ताकपडा मेची भन्सार कार्यालय काँकडभिट्टामा बुझाईएको र कानूनी प्रकृयाको लागि इलाका प्रहरी कार्यालय बनियानीबाट नेपाल प्रहरीको सहयोग लिइएको सशस्त्र प्रहरी वल नेपाल नं २ गण हेक्वा झापाले जनाएको छ ।


असल संस्कार र समृद्धिका लागि एनएमसी

# नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

NMC-COOP

**कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा, कोशी प्रदेश**

**प्रकाशित मिति: २०८१/०२/०९**

## संस्थाको विभिन्न सेवा केन्द्रहरुमा धितो सुरक्षणमा रहेको चलअचल सम्पत्ति लिलामी सम्बन्धी ३५ दिने सूचना

यस नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.अन्तर्गत विभिन्न सेवाकेन्द्रहरुबाट तपसिलमा उल्लिखित ऋणीहरुले विभिन्न कर्जा शीर्षकहरुमा उपभोग गर्नुभएको कर्जाकोसावा, ब्याज र अन्य दस्तुरसमेत यस सहकारी संस्थासाग गरेको शर्त कबुलियत बमोजिम समय समयमा तिर्न बुझाउनु पर्नेमा नतिरी नबुझाएको हुदा कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत सोको बेवास्ता गरी यस संस्थालाई बुझाउनु पर्ने रकम नतिरी नबुझाई ऋण/कर्जासम्बन्धी शर्त बन्देज उल्लङ्घन गरेकोले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी/धितो जमानीकर्ता र व्यक्तिगत धन जमानीकर्ता समेतलाई सूचित गर्दा समेत उक्त ऋण/कर्जाको सावा, ब्याज, हर्जाना तथा कबुलियत नामामा उल्लेख भएको अन्य दस्तुरहरु समेत चुक्ता नगरेको हुनाले ऋण/कर्जाको सुरक्षणबापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लिखित सम्पत्तिहरु जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा संस्थाको नियम तथा प्रचलित ऐन, कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलामी बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्ने उद्देश्यले ३५ (पैंतिस) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उपरोक्त सम्पत्तिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा संगठित संघ/संस्थाले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र (उक्त दिन सार्वजनिक बिदा परेमा बिदापश्चात लगत्तै कार्यालय खुलेको दिन) यस संस्थाको कार्यालय समयभित्र यसै सूचना तथा बोलपत्र फाराममा उल्लिखित शर्तहरुको अधिनमा रही रीतपूर्वक भरी यस संस्थाको बचत तथा ऋण व्यवसाय प्रधान कार्यालय मेचीनगर-१३, चारआलीमा आइपुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेस गर्न आह्वान गरिन्छ । साथै प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति (घर तथा जग्गा) लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री भई संस्थाले असुलउपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुलउपर नभएमा संस्थाको आन्तरिक कार्यविधि, प्रचलित ऐन, नियम र कानूनको परिधिभित्र रही ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ ।

**तपसिल :**

| क्र.सं. | ऋणीको विवरण | धितो/धनजमानीकर्ताको विवरण | धितोमा रहेको सम्पत्तिको विवरण | गुगल नक्सा जिपिएस कोड |
|---|---|---|---|---|
| १. | श्री प्रेमकुमार देवान **ठेगाना** : रतुवा माई-७ मोरङ<br>**ना. प्र. न.** : १८८७, **जारी गर्ने जिल्ला**: मोरङ<br>श्रीमतीको नाम :<br>बाबुको नाम : मान बहादुर देवान<br>बाजेको नाम : तिलक सिंह देवान | श्री प्रेम कुमार देवान<br>ठेगाना : रतुवा माई-७ मोरङ<br>ना.प्र.नं १८८७<br>जारी गर्ने जिल्ला : मोरङ | **जग्गाको ठेगाना** : नकलबन्दा-८<br>**नक्सा सिट नं** : ८ च **कित्ता नं**: ६१५, ३८२६, ७३३, ७३२<br>क्षेत्रफल : ०-१-०-०, ०-०-१०-०, ०-१-१०-०, ०-२-०-० | २६.६५२२७४,<br>८८.१४६२७४ |
| २. | श्री गीमा नेपाल **ठेगाना** : मेचीनगर-१३<br>**ना. प्र. न.** :८५२४५७०४, **जारी गर्ने जिल्ला**: झापा<br>श्रीमानको नाम : केशव पौडेल<br>बाबुको नाम : पदमलाल नेपाल<br>बाजेको नाम : डिल्लीराम नेपाल | श्री केशव पौडेल<br>ठेगाना : मेचीनगर-१३<br>ना.प्र.नं ३००४४३८०<br>जारी गर्ने जिल्ला : झापा | **जग्गाको ठेगाना** : मेचीनगर नगरपालिका-२<br>**नक्सा सिट नं** : १८०००७<br>**कित्ता नं** : ४८४, ४५०, ४८९, ५७२, ४८८, ४८७, ४९४, ४९५, ५८१, ५७१<br>क्षेत्रफल : २२५<br>व.मि, १५६ व.मि, ३०७ व.मि, १३५ ४५ व.मि, ३१३ व.मि, ३६८ व.मि, ३५१ ३ व.मि, १९९ व.मि, १६९ ३१ व.मि, १३५ ४५ व.मि | २६.६५६७२९,<br>८८.०७९५०३<br>२६.६५६४३५,<br>८८.०८२९५३ |
| ३. | श्री मन कुमार भट्टराई **ठेगाना** : बुधबारे-२<br>ना.प्र.न.: ४०८१२०६५ **जारी गर्ने जिल्ला**: झापा<br>श्रीमतीको नाम: तुलसा देवी पोखेल<br>बाबुको नाम : प्रेम प्रसाद भट्टराई<br>बाजेको नाम : प्रजापति भट्टराई | श्री तुलसा देवी पोखेल<br>ठेगाना : बुधबारे-३<br>ना.प्र.नं ४०४१४६९०<br>जारी गर्ने जिल्ला : झापा | **जग्गाको ठेगाना** : बुधबारे-४<br>**नक्सा सिट नं** : ४ ग<br>**कित्ता नं** : २१०९<br>क्षेत्रफल ०-०-१०-० | २६.७१९१०१,<br>८८.०२१९७२ |
| ४. | श्री दल ब. भन्ने गोविन्द कार्की **ठेगाना** : बिर्तामोड-४<br>**ना. प्र. न.** :८५२४१३४५५, **जारी गर्ने जिल्ला**: झापा<br>श्रीमतीको नाम : खड्कुमारी भट्टराई<br>बाबुको नाम : जोक ब. कार्की<br>बाजेको नाम : जमान सिंह कार्की | श्री दल ब. भन्ने गोविन्द कार्की<br>ठेगाना : बिर्तामोड-४<br>ना.प्र.नं : ८५२४१३४५५<br>जारी गर्ने जिल्ला : झापा | **जग्गाको ठेगाना** : अनारमनी-४<br>**नक्सा सिट नं** : १७९०११९२०<br>**कित्ता नं**: २५६, १५४<br>क्षेत्रफल: २० ०० व.मि, १७० ०० व मि | २६.६३१२३४,<br>८७.९८८३९७ |
| | | श्री : खड्ग कुमारी भट्टराई<br>ठेगाना : बिर्तामोड-४<br>ना.प्र.नं.: २३१११/०४४<br>जारी गर्ने जिल्ला : झापा | **जग्गाको ठेगाना** : गरामनी-९<br>**नक्सा सिट नं** : ९<br>**कित्ता नं**: ९६४२<br>क्षेत्रफल : ७१११ ४३ व.मि. | २६.५८१०५४,<br>८७.९७९९६८ |
| ५. | श्री खड्गकुमारी भट्टराई **ठेगाना** : बिर्तामोड-४<br>**ना. प्र. नं.** : २३१११/०४४, **जारी गर्ने जिल्ला**: झापा<br>श्रीमानको नाम : दल ब. भन्ने गोविन्द कार्की<br>बाबुको नाम : श्रीकुमार भट्टराई | श्री दल ब. भन्ने गोविन्द कार्की<br>ठेगाना : बिर्तामोड ४<br>ना.प्र.नं. : ८५२४१३४५५<br>जारी गर्ने जिल्ला : झापा | **जग्गाको ठेगाना** : दुवागडी-९<br>**नक्सा सिट न.** : ९ **कित्ता न.** : १७७९<br>क्षेत्रफल : ११४ २८ व.मि **कित्ता न.** : १७७७<br>क्षेत्रफल : ११४ २८ व.मि **कित्ता न.** : १७९५<br>क्षेत्रफल : १०१ ५८ व.मि **कित्ता न.** : १८०५<br>क्षेत्रफल : १३२० ६३ व.मि **कित्ता न.** : १७७८<br>क्षेत्रफल : ११८ ५१ व.मि **कित्ता न.** : १७९९<br>क्षेत्रफल : २२० ०९ व.मि **कित्ता न.** : १७९४<br>क्षेत्रफल : ९३ ११ व.मि **कित्ता न.** : १७७६<br>क्षेत्रफल : १०१ ५८ व.मि **कित्ता न.** : १७९८<br>क्षेत्रफल : २१५ ८६ व.मि **कित्ता न.** : १७९६<br>क्षेत्रफल : १०१ ५८ व.मि **कित्ता न.** : १७८०<br>क्षेत्रफल : १८२ ०० व.मि **कित्ता न.** : १७९७<br>क्षेत्रफल : ११८ ५१ व.मि | २६.५५१८८९<br>८८.०७९५५६ |
| | | श्री : खड्ग कुमारी भट्टराई<br>ठेगाना : बिर्तामोड-४<br>ना.प्र.नं. : २३१११/०४४<br>जारी गर्ने जिल्ला : झापा | **जग्गाको ठेगाना** : दुवागडी-९<br>**नक्सा सिट न.** : ९ **कित्ता नं**: १७७५<br>क्षेत्रफल : २७९ ३४ व.मि **कित्ता न.** : १७८४<br>क्षेत्रफल: २४९ ७२ व.मि **कित्ता न.** : १७८२<br>क्षेत्रफल: ९७ ३५ व.मि **कित्ता न.** : १७७३<br>क्षेत्रफल : ११४ २८ व.मि **कित्ता न.** : १७८१<br>क्षेत्रफल : १०१ ५८ व.मि **कित्ता न.** : १७७२<br>क्षेत्रफल : ११८ ५१ व.मि **कित्ता न.** : १७८३<br>क्षेत्रफल : ९७ ३५ व.मि **कित्ता न.** : १७७४<br>क्षेत्रफल : ११० ०५ व.मि<br>**जग्गाको ठेगाना** : शिवगञ्ज-७<br>**नक्सा सिट न.** : ७ ख<br>**कित्ता नं**: २२७०७<br>क्षेत्रफल: २२० १२ व.मि **कित्ता न.** : २२६८४<br>**क्षेत्रफल** : ९६५ ०९ व.मि | |
| ६. | श्री बिनोद बस्नेत **ठेगाना** : मेचीनगर-६<br>**ना. प्र. न.** : ६४३८८९९९, **जारी गर्ने जिल्ला**: झापा<br>श्रीमतीको नाम : मेनुका कार्की<br>बाबुको नाम : चन्द्रबहादुर बस्नेत<br>बाजेको नाम : इन्द्र बहादुर बस्नेत | श्रीमती शुशिला बस्नेत<br>ठेगाना : मेचीनगर-६<br>ना.प्र.नं : ६४३८५४१३<br>जारी गर्ने जिल्ला : झापा | **जग्गाको ठेगाना** : नकलबन्दा-८<br>**नक्सा सिट नं** : ८ ग<br>**कित्ता नं** : ५४१<br>क्षेत्रफल ०-१-०-० | २६.६५०३६१<br>८८.१५४४१७ |
| ७. | श्री संजोग अधिकारी **ठेगाना** : मेचीनगर-६<br>**ना.प्र.न.**: ०४-०१-०६८-०१८८०, **जारी गर्ने जिल्ला** : झापा<br>श्रीमतीको नाम :<br>बाबुको नाम : बालकृष्ण अधिकारी<br>बाजेको नाम : दधिराम अधिकारी | श्री संजोग अधिकारी<br>ठेगाना : मेचीनगर-६<br>ना.प्र.नं : ०४-०१-०६८-०१८८०<br>जारी गर्ने जिल्ला : झापा | **जग्गाको ठेगाना** : नकलबन्दा-८<br>**नक्सा सिट नं** : ८ घ<br>**कित्ता नं** : ८३३<br>क्षेत्रफल ०-०-४ | २६.६४४९४४<br>८८.१५१८८९ |
| ८. | श्री तुलसी फुर्वेल **ठेगाना** : अर्जुनधारा-६<br>**ना. प्र. न.** : २७७१/१९७६, **जारी गर्ने जिल्ला**: इलाम<br>श्रीमतीको नाम : बिमला फुर्वेल<br>बाबुको नाम : मोहनलाल फुर्वेल<br>बाजेको नाम : शम्भिनारायण फुर्वेल | श्री बिमला फुर्वेल<br>ठेगाना : अर्जुनधारा-६<br>ना.प्र.नं. ०४१०१२/२११४<br>जारी गर्ने जिल्ला : झापा | **जग्गाको ठेगाना** : शानिश्चरे-८<br>**नक्सा सिट नं** : ८<br>**कित्ता नं** : १०५१, १०३८, १०४४, १०८३<br>**क्षेत्रफल** (वर्ग मिटरमा): १८६२.४५, १९९.३०, १९९.३०, १८६२.४५ | २६.६५७६२०<br>८७.९९३०८० |
| ९. | श्री बिमला फुर्वेल **ठेगाना** : अर्जुनधारा-६<br>**ना. प्र. न.** : ०४१०१२/२११४, **जारी गर्ने जिल्ला**: झापा<br>श्रीमानको नाम : तुलसी फुर्वेल<br>बाबुको नाम : जितबहादुर कार्की<br>बाजेको नाम : तिलप्रसाद कार्की | श्री बिमला फुर्वेल<br>ठेगाना : अर्जुनधारा-६<br>ना.प्र.नं : ०४१०१२/२११४<br>जारी गर्ने जिल्ला : झापा | **जग्गाको ठेगाना** : शानिश्चरे-८<br>**नक्सा सिट नं** : ८<br>**कित्ता नं** : १०५१, १०३८, १०४४, १०८३<br>क्षेत्रफल (वर्ग मिटरमा): १८६२.४५, १९९.३०, १९९.३०, १८६२.४५ | २६.६५७६२०<br>८७.९९३०८० |

**धितो लिलामीका शर्तहरु :**

१) बोलपत्र फारम संस्थाको बचत तथा ऋण व्यवसाय प्रधान कार्यालय, मेचीनगर-१३, चारआली र संस्थाको सम्पूर्ण सेवाकेन्द्रहरु मार्फत रु. १००० बुझाई प्राप्त गर्न सकिनेछ । बोलपत्रमा बोलपत्र पेश गर्नेको हस्ताक्षरसहित खामबन्दी गरी खाममा धितो लिलाम बिक्रीमा सहभागी हुन चाहेको भनी उल्लेख गर्नुपर्नेछ । संगठित संस्थाको तर्फबाट बोलपत्र पेश गर्दा संस्थाको छाप र अख्तियार प्राप्त व्यक्तिको हस्ताक्षर र छाप समेत अनिवार्य लगाएको हुनुपर्नेछ ।
२) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र र अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात् लगत्तै कार्यालय खुलेको दिन संस्थाको बचत तथा ऋण व्यवसाय प्रधान कार्यालय, मेचीनगर-१३, चारआली आइपुग्ने गरी दिनको ५ बजेभित्र बुझाइसक्नुपर्नेछ । म्याद नाघी आएका वा रीत नपुगेका वा शर्त उल्लेख गरी दिएका बोलपत्र उपर कुनैपनि कारवाही गरिने छैन ।
३) आफूले खरिद गरी लिन चाहेको धितोमा रहेको सम्पत्ति (घर/जग्गा) के-कति रकममा लिन चाहेको हो सो रकमको विवरण अङ्क र अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ । अङ्क र अक्षरमा फरक फरक व्यहोरा लेखिएको भए अक्षरमा लेखिएको व्यहोरालाई मान्यता दिइनेछ ।
४) बोलपत्र पेस गर्दा सबै सम्पत्ति (कित्ता) वा कुनै एक कित्ता वा अलग-अलग रुपमा खरिद गर्ने गरी बोलपत्र पेस गर्न सकिनेछ ।
५) बोलपत्रदाताले बोलपत्र आवेदनका साथ आफूले खरिद कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस यस संस्थाको धरौटी खाता 9953000078मा सोझै नगद जम्मा गरेको भौचरको प्रति संलग्न राख्नुपर्नेछ । धरौटी बापत संस्थामा राखिएको रकममा कुनै पनि ब्याज उपलब्ध गराइने छैन ।
६) बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा नागरिकताको प्रतिलिपि, संगठित संस्था भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थाई लेखा नम्बर दर्ता प्रतिलिपि, गत आ.व.को कर चुक्ता प्रतिलिपि आवेदन साथ संलग्न राख्नुपर्नेछ ।
७) रितपूर्वक प्राप्त भएको बोलपत्र मिति २०८१ असार१२ गते दिनको ११ बजे बचत तथा ऋण व्यवसाय प्रधान कार्यालय मेचीनगर-१३, चारआलीमा बोलपत्रदाता वा निजको प्रतिनिधि र उपस्थित सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । सो दिन लिलाम बिक्री सम्बन्धी काम समाप्त नभएमा वा सो दिन आकस्मिक सार्वजनिक बिदा भएमा बिदा पछि लगत्तै कार्यालय खुलेको दिन लिलाम बिक्री सम्बन्धी कार्य सम्पन्न गरिनेछ । बोलपत्रदाता वा बोलपत्रदाताको प्रतिनिधि उपस्थित नभएको अवस्थामा समेत शिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
८) बोलपत्र प्रस्ताव पत्र स्वीकृत भएमा धरौटी बाहेकको बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिए पश्चात् संस्थाले तोकेको मितिभित्र यस संस्थामा जम्मा गरी धितोमा रहेको (लिलाम सकार गरेको सम्पत्ति) सम्पत्ति आफ्नो नाममा दाखिल खारेज गराई लिनुपर्नेछ ।
९) धितो सकार गरेको सम्पत्ति नामसारी गर्न लाग्ने सरकारी राजस्व, शुल्क तथा अन्य सम्पूर्ण खर्चहरु सकार गरी लिने स्वयम्ले व्यहोर्नु पर्नेछ ।
१०) बोलपत्रमा पेस गरेको रकमले संस्थाको कर्जा चुक्ता वा अत्यन्त न्यून रकम कबोल गरेमा वा बोलपत्र स्वीकृत नभएमा वा स्वीकृत भोलमा सो सम्पत्ती कसैले सकार नगरेमा संस्थाको आन्तरिक कार्यविधि र प्रचलित ऐन, कानून तथा नियम अन्तर्गत रही सो सम्पत्ति संस्था आफैले सकार गर्न वा पुनः सूचना जारी गरी लिलामी प्रक्रियागर्न सक्नेछ ।
११) तोकिएका समयसिमाभित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौट स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भएपश्चात् मात्र धरौटी बापत जम्मा गरेको रकम भुक्तानी गरिनेछ ।
१२) धितोमा रहेको सम्पत्ती बिक्री गर्ने वा नगर्ने वा बोलपत्रमा कबोल गरेको रकम स्वीकार गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार संस्थामा निहित रहने छ ।
१३) धितो लिलाम सम्बन्धी अन्य विषयहरु बुझ्न परेमा प्रधान कार्यालय मेचीनगर-१३, चारआलीमा सम्पर्क गर्न सकिनेछ । १४) धितो लिलाम सम्बन्धी अन्य सर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

**पुनश्च** :उल्लिखित ऋणी, धितो जमानतकर्ता एवम् धनजमानी दिनुने व्यक्ति समेतले उक्त तोकिएको मितिभित्र संस्थालाई बुझाउनुपर्ने कर्जाको साँवा, ब्याज तथा नियम अनुसार लाग्ने अन्य सम्पूर्ण दस्तुर बुझाई एवम् आफ्नो प्रतिनिधिमार्फत बुझाउन लाई आफ्नो सम्पत्तिको सुरक्षण गर्नुहुन यसै सूचनाद्वारा पुनः जानकारी गराइन्छ । अन्यथा तोकिएको दिन धितो लिलामी बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम् उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा संस्था आफैले सकार गर्दा समेत संस्थाबाट साविकमा भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा संस्था आफैले सकार गरी लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त भएन वा कम मूल्यमा बिक्री भयो वा संस्था आफैले सकार गरी लियो भनी कहिकतै कुनै किसिमको उजुर बाजुर गर्न पाइने छैन ।

**गोप्य शिलबन्दी बोलपत्र खोलिने मिति** : २०८१/०३/१२, **समय** : बिहान ११ बजे, **स्थान** : मेचीनगर-१३, चारआली, बचत तथा ऋण व्यवसायको प्रधान कार्यालय, **बोलपत्र सम्बन्धी थप जानकारीका लागि सम्पर्क** : ९८५२६८९४१९/९८५९६८९५६१

**प्रधान कार्यालय, बचत तथा ऋण व्यवसाय, नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.**


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# असंसदीय हर्कत

**एमालेले धेरैपटक संसदीय मर्यादा उल्लंघन गरेको छ। अनेकपटक संसद् अवरुद्ध गरेको छ। कुनै बेला दुई महिनासम्म पनि उसले संसद् चल्न नदिएको इतिहास छ। माओवादीले भने संसदीय व्यवस्थाकै विरुद्ध हतियार उचालेको थियो। अन्ततः आफूले विरोध गरेकै व्यवस्थामा ऊ आयो। तर त्यसको मर्यादा पटकपटक उल्लंघनमात्रै गरेन, संसद्लाई नै युद्धमैदान जस्तो पनि बनायो। अहिले भने संसदीय लोकतान्त्रिक अभ्यासको प्रमुख पक्षपाती पार्टी कांग्रेस नै संसदीय मर्यादामा खलल पुऱ्याउन उद्यत् छ। प्रमुख प्रतिपक्ष कांग्रेस कमैमात्रै प्रतिपक्षमा रहेको दल हो। २०४८ यता ऊ अनेकपटक सत्तामा छ। कम्युनिस्ट पार्टी एमाले पटकपटक सत्ता र प्रतिपक्षमा छ। कांग्रेस आफूलाई लोकतान्त्रिक र संसदीय अभ्यासको प्रमुख नै मान्छ ।संवैधानिक व्यवस्थाअनुसार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सोमबार विश्वासको मत लिनुपर्ने थियो।**

**त्यसमा पनि अवरोध गरी उसले संसदीय अभ्यासै हुन नदिनेसम्मको खेल खेल्यो। खासमा संसद्मा केही दिनयता जे देखिएको छ, जे गतिविधि कांग्रेसले गरिरहेको छ, व्यवस्थाको तेजोबध भइरहेको छ। गृहमन्त्री रवि लामिछानेलाई बोल्नै नदिने अडानले संसद् चल्नै सकेन। संसदीय छानबिन समितिमा पनि उनै लामिछानेलाई मात्रै तारो बनाएर कांग्रेसले इबीको राजनीति गऱ्यो। खासमा जनताका मुद्दा उठाउने थलो हो संसद्। सहकारीबाट देशभर भएका ठगीको निरूपण खोज्ने र दोषीमाथि कारबाही गर्ने माग जायज हो। कांग्रेसले त्यस्तोभन्दा बढी गृहमन्त्री लामिछानेलाई पदच्युत गर्ने गरी छानबिन समिति माग्यो।**

**एक त रविले स्वार्थ बाझिने मन्त्रालय सम्हाल्नै हुन्थेन। तर उनलाई बोल्न पनि नदिने अलोकतान्त्रिक हर्कत कांग्रेसका लागि सुहाउँदो कुरा होइन। रविकै विषयले सत्ता र प्रतिपक्षबीच जुन मुठभेडकै स्थिति संसद्मा देखा परेको छ, त्यसले संसदीय मर्यादामा खलल पुगेको छ। बोल्न पाउने त सर्वसाधारण नागरिकको पनि संवैधानिक अधिकार हो भने संसद्मा गृहमन्त्रीले प्रष्टोक्ति दिन नपाउने भन्ने हुनुहुन्थेन। जसै उनले आइतबार बोल्ने मौका पाए, रविले पनि संसदीय मर्यादा ख्याल गरेनन्। निम्नस्तरमा ओर्लिन्छु भन्ने उद्घोषै गरे। अनि प्रतिपक्षका नेता तथा सांसदलाई व्यक्ति किटिने नै गरी व्यक्तिगत दोषारोपण गरे। आफूलाई असल पुष्टि गर्नेभन्दा पनि तिमीहरू पनि खराब हौं भन्ने भाषा प्रयोग गरे। गृहमन्त्रीका भाषा र शैली असंसदीयमात्रै नभई रेकर्डबाटै हटाउन लायक थिए। तर सत्तापक्षीय दलबाटै निर्वाचित भएको हुँदा सभामुखले त्यसतर्फ ख्याल गरेको देखिएन।**

**संसदीय छानबिन समिति बनाउने मामलामा एउटा मापदण्ड सधैंका लागि आवश्यक रहेको अहिलेका द्वन्द्व र गतिरोधको अवस्थाले देखाएको छ। सत्तामा छँदा एउटा र नहुँदा अर्को तर्क गर्ने दल र नेताहरूको भएको देशमा विधिमार्फत धेरै कुरा कसिकसाउ नगरी धर पनि छैन।**




# सत्ता, सुशासन र समुन्नति



• भुवन न्यौपाने

सरकारले नीति तथा कार्यक्रममार्फत यस वर्षलाई सुशासन र समुन्नतिको वर्षका रूपमा आफ्ना कार्यक्रम र बजेटलाई केन्द्रित गर्ने योजना सार्वजनिक गरेको छ । सत्तासीन राजनीतिक दलका घोषणापत्र र न्यूनतम कार्यक्रम तथा साझा उद्देश्यको मुख्य ध्येयलाई पूरा गर्न नीति र बजेटमा सामञ्जस्यताको खाँचो छ । राजनीतिक दलमार्फत समाजका माग र आवश्यकताको पहिचान र सम्बोधनका खातिर योजना, नीति तथा कार्यक्रम र बजेटको तादाम्य पर्छ । सरकार र संसद् आगामी आर्थिक वर्षका लागि प्रतिफलमुखी कार्यसम्पादनमा जुटेको छ । संसद्मा सत्तापक्ष र प्रतिपक्षबिच चलेको टकरावले असहज स्थिति देखा परेको छ ।

राजनीतिले समाज, अर्थतन्त्र, कानुन र विकासको समग्र पक्षको नेतृत्व गर्छ । राजनीतिक अस्थिरताका कारण समाजमा वितृष्णा, अर्थतन्त्रमा सङ्कट, कानुनी शासनमा अड्चन, विकासमा ढिलासुस्ती र अन्योल उत्पन्न भएको छ । पछिल्लो समसामयिक परिवेशको चित्रणमा सत्ता परिर्वतनसँगै भइरहने सुशासन र समुन्नतिका योजना पनि सरकार परिवर्तनसँगै बदलिने प्रवृत्तिका कारण नेपालमा राजनीतिक स्थायित्व हुन सकेको छैन । एकातर्फ, सत्ता सहकार्यमा रहँदासम्म सबै ठिक, सत्ताबाहिर भएपछि सबै बेठिक भन्ने प्रवृत्तिले राजनीतिक दललाई नैतिकता र सदाचारको मार्गबाट पदच्युत बनाएको छ । अर्कातर्फ, सुशासन र समुन्नतिका सूचकमा खासै सुधार हुन सकेको छैन ।

सत्ताको परिवेश

पछिल्लो समय परिवर्तन भएको सत्ता समीकरणले नेपाली राजनीतिलाई तरङ्गित बनायो । संसद्को सबैभन्दा ठुलो दल नेपाली कांग्रेस प्रतिपक्षमा छ । सरकारले ल्याएको नीति तथा कार्यक्रममा संसद्को प्रमुख प्रतिपक्ष कांग्रेसले परम्परावादी भएको संज्ञा दियो । सत्तापक्षले सहमति जनाउँदै समर्थनमा नीति तथा कार्यक्रम उत्कृष्ट रहेको जनाएको छ । संसद्मा देखिएको संघर्षबिच सत्तापक्ष र प्रतिपक्षको टकरावले नीति तथा कार्यक्रमसमेत छायामा परेको देखिन्छ । यसले जेठ १५ गते प्रस्तुत हुने बजेटका लागि समेत समस्या पर्न सक्ने पूर्वानुमान गर्न सकिन्छ । सत्ता र प्रतिपक्षले संवादका माध्यमबाट यसको छिटो निरूपण गर्नु पर्छ । प्रतिपक्ष नीति तथा कार्यक्रम र बजेट समग्र मुलुकको महत्वपूर्ण मार्गनिर्देशन हो तर राजनीतिक दलको साझा दस्तावेज बन्न सकिरहेको छैन ।

सत्तापक्ष र प्रतिपक्षले संसद्मा जनताका माग र आवश्यकताका सन्दर्भमा मिहिन बहस, पैरवी र ध्यानाकर्षण गराउनुपर्ने दायित्व निर्वाह गर्नुभन्दा पनि एकअर्काबिचको आरोप प्रत्यारोपमा नै महत्वपूर्ण समय व्यतीत भइरहेको छ । सहकारी बचत अपचलन प्रकरणमा लाखौँ भुइँ तहका नागरिकको अर्बौं बचत हिनामिना हुँदा दलहरूबिच नै मत विभाजित हुनु दुःखदायी छ । व्यक्तिगत आग्रह पूर्वाग्रहमा मात्र केन्द्रित नभई समग्र समस्याग्रस्त सहकारीको छानबिनका लागि उच्चस्तरीय छानबिन समिति बनाएर लाखौँ नागरिकको बचत रकम फिर्ता गराउनु पर्छ । अन्यथा सामाजिक आर्थिक रूपमा सहकारीमार्फत मुलुकमा भएका सकारात्मक परिवर्तनका सूचक नै प्रभावित हुन सक्छ । यसले अर्थतन्त्रमा पनि नोक्सान पुग्ने छ ।

सुशासनका सूचक

कानुनी शासन र सुशासनमा प्रतिबद्धतासहितको नेतृत्व र जिम्मेवार नेताको खाँचो सबैतिर छ । मुलुकले कानुनी शासन र सुशासनको जग बसाल्ने नयाँ पुस्ताको दृढ नेतृत्व अपेक्षा गरेको छ । सुशासनका सूचकले मुलुकका अन्य सूचकलाई पनि सकारात्मक ऊर्जा थपिदिने हुँदा सुधारको पहल यसैबाट हुनु जरुरी पनि छ ।

सरकारको १६ औँ अद्यावधिक योजनाले सुशासन, सामाजिक न्याय र समृद्धिको सोचमा योजना तय गरेको छ । सुशासनको मापन गर्ने १० सूचकलाई मुख्य आधार बनाएर सुधारको योजना तय गरेको छ । विधिको शासक सूचकाङ्कलाई ०.५२ बाट ०.८ मा ल्याउने, विश्वव्यापी प्रतिस्पर्धी सूचाकाङ्क २५ देखि ६५ मा पुऱ्याउने, भ्रष्टाचार न्यूनीकरण अनुभूति सूचकाङ्क ३५ बाट ४३ मा, निर्वाचनमा मतदाताको सहभागिता ६२ प्रतिशतबाट ८५ प्रतिशतमा पुऱ्याउने लक्ष्य छ । त्यस्तै अदालतमा दर्ता भएका मुद्दाको फर्स्योट अनुपात ६४ प्रतिशतबाट ७५ प्रतिशतमा, कुल विनियोजनमा खर्चको अनुपात ८० प्रतिशतबाट ९० मा, जिडिपीको तुलनामा बेरुजु अनुपात १०.९ बाट ५ मा ल्याउने योजना छ ।

आधुनिक प्रविधि विद्युतीय सरकार विकास सूचाकाङ्क ०.५१२ बाट ०.६ सम्म पुऱ्याउने लक्ष्य देखिन्छ । यी माथि उल्लिखित सूचकको सुधारका लागि राजनीतिक दल, नीति क्षेत्र र सार्वजनिक निकायमा कानुनी शासन पहिलो सर्त हुनु पर्छ । भ्रष्टाचारको मौलाउँदो ग्राफले सुशासनलाई चुनौती दिएको छ भने मुलुकका आधारभूत परिवर्तनलाई संस्थागत गरी आर्थिक सामाजिक रूपान्तरणको मार्गलाई समेत अवरोध गरिरहेको छ । राजनीतिक दल सुशासनको अभ्यास र प्रतिबद्धतामा चुकेका छन् । राज्यको संविधान र कानुन प्रभावकारी ढङ्गबाट कार्यान्वयनमा आउन सकेका छैनन् । यसका लागि राजनीतिक दलमार्फत समाजमा नैतिकता, सदाचार र सुशासन प्रवर्धनका कार्यक्रमको खाँचो देखिन्छ ।

समुन्नतिको अपेक्षा

नेपालमा योजनाबद्ध विकास अभियान अन्तर्गत सरकारले १६ औँ अद्यावधिक योजना प्रस्तुत गरेको छ । विसं २०१३ बाट योजनाबद्ध विकास अभियान सुरु गरिएको भए पनि राजनीतिक र सामाजिक परिर्वतन अनुरूप विकासका लक्ष्य प्रतिफलमुखी हुन सकेका छैनन् । योजना अन्तर्गत तोकिएको समयमा हासिल गर्ने वा गर्नुपर्ने लक्ष्य निर्धारण गर्ने र त्यसका लागि के के काम गर्ने भनेर खाका तय गर्दैं आएको छ । बितेको ६७ वर्षमा १० वटा पञ्चवर्षीय र पाँच वटा तीनवर्षीय अद्यावधिक योजनामार्फत सरकारले आफ्नो लक्ष्य निर्धारण गरेको छ । अहिले १६ औँ अद्यावधिक योजना अन्तर्गत पञ्चवर्षीय अद्यावधिक योजनामा आर्थिक र विकास क्षेत्रको समुन्नतिका लागि विभिन्न सूचक तय भएका छन् । समुन्नतिको जनअपेक्षालाई सम्बोधन गर्ने ध्येयमा यो योजना कति लक्षित हुन्छ भन्ने प्रश्न जीवितै छ ।

विश्व समुदायमा नेपालको पछिल्लो सामाजिक, आर्थिक उपस्थितिलाई उल्लेख गर्दा निकै निरीह छ । भ्रष्टाचारमा ३४ अङ्कसहित ११३ औँ, लेगाथम प्रोपर्टी इन्डेक्स ११० औँ, सुरक्षा ९४ औँ, अस्थिर राजनीति ४९ औँ, असल शासनमा ७२ औँ, बिजनेस डुइङमा ११७ औँ, जनजीविकामा १२३ औँ, दिगो विकासमा ९९ औँ, पासपोर्ट र्याङ्किङमा ८५ औँ, न्याय र कानुनी शासनमा ६९ औँ, स्वतन्त्र प्रेस र लोकतन्त्र क्रमशः १०० र १०२ औँ, जिडिपी पर क्यापिटा इन्डेक्स १५८ औँ, ग्लोबल कम्पिटेटिभ इन्डेक्स ९८ औँ स्थानमा छन् । यस्ता उल्लिखित सूचक सन्तोषजनक छैनन् । यस्ता सूचकको सुधार मुख्य चासो छ ।

सरकारले महत्वाकांक्षी तर अत्यावश्यक अद्यावधिक योजना सार्वजनिक गरेको छ । आर्थिक वृद्धिदर ३.९८ प्रतिशतबाट ७.३ प्रतिशतमा, प्रतिव्यक्ति आय (डलरमा) १४५६.८ बाट २३५१ मा पुऱ्याउने लक्ष्य लिएको छ । मुलुकमा व्याप्त रहेको निरपेक्ष गरिबी २०.३ प्रतिशतलाई १२ मा झार्ने त्यस्तै बेरोजगारी दर ११ बाट ५ मा ल्याउने सरकारको योजना छ । आर्थिक तथा वातावरणीय जोखिम सूचाकाङ्क २९.७ बाट २४ घटाउँदै, मूल्यवृद्धि दर ७.७ बाट पाँच प्रतिशतमा कायम राख्ने योजनामा सार्वजनिक छ । दिगो विकासको अवधारणामा आधारित रहेर मानव विकास सूचाकाङ्क ०.६० बाट ०.६५ उद्देश्यमा उल्लेख छ ।

समुन्नतिको ध्येय अनुसार सामाजिक न्याय मापन गर्ने सूचकमध्ये आधारभूत सामाजिक सुरक्षामा आबद्ध रहेको जनसंख्या ३२ प्रतिशतबाट ६० प्रतिशतमा, लैङ्गिक असमानता सूचाकाङ्क ०.८८५ देखि ०.९६७ सम्म रहेको छ । रोजगारीमा महिला र पुरुषको सहभागिता (अनुपात प्रतिशत) ०१:०१.७ देखि ०१:०१.२ रहेको छ । राष्ट्रिय योजना आयोगले महत्वाकांक्षी योजना नभएको दाबी गरे पनि अर्थविद्हरूले भने अहिले राखिएको लक्ष्य प्राप्ति गर्ने किसिमको नभएको टिप्पणी गरेका छन् । आमअपेक्षा अनुसार उल्लिखित सूचकको प्राप्ति अत्यावश्यक छ । यो संविधानले उल्लेख गरेको लोककल्याणकारी राज्यको परिकल्पना पनि हो । नागरिकमैत्री शासन र सुशासन पहिलो प्राथमिकता बन्नु पर्छ ।

विगतमा सरकारले तय गरेका सूचकमध्ये सामाजिक सूचक करिब पूरा हुँदै आए पनि आर्थिक सूचक लक्ष्यको तुलनामा निकै पछि परेको यथार्थ छ । समग्र पूर्वाधार विकास र गौरवका आयोजना अलपत्र छन् भने कतिपय आयोजनामा ढिलासुस्ती हुँदा समग्र पक्षमा वितृष्णा उत्पन्न भएको छ । आर्थिक सम्पन्नता मात्र अबको ध्येय होइन कि सामाजिक न्यायसहितको आर्थिक उन्नति हो । अहिले सुशासन र सामाजिक न्यायमा युरोपियन मुलुक अगाडि आउनुको मुख्य कारण नागरिकमैत्री सामाजिक न्याय हो । गुणस्तरीय शिक्षा र स्वास्थ्य, सुरक्षित आवास, स्वच्छ पर्यावरण, सामाजिक सुरक्षाको सुनिश्चितता अपरिहार्य छ ।

बदलिँदो राजनीति, शासकीय व्यवस्था र समाजको बदलिँदो चरित्र, शिक्षा, नयाँ प्रविधि र दिगो पूर्वाधार, पर्यावरण र जलवायु परिवर्तन, स्वास्थ्य र पोषण कृषि, पर्यटन र हरित औद्योगिकीकरण, स्वदेशमै रोजगारी र सुधारिएको राजनीतिक संस्कार अपेक्षाकृत छ । दिगो आर्थिक उन्नति, गरिबी न्यूनीकरण, विभेदरहित समाज, सामाजिक न्याय, सामाजिक सुरक्षा, कृषक र श्रमको सम्मान गर्ने समाजको परिकल्पना अबको नीति तथा कार्यक्रमको प्राथमिकता हुनु पर्छ । दशकैपिच्छे व्यवस्था बदलियो, बहुदलपछिका ३५ वर्षमा ३१ सरकार परिवर्तन भए तर जनअपेक्षा अनुरूप आर्थिक, सामाजिक रूपान्तरण, दिगो विकास र सुशासनमा भने सन्तोष मान्न सकिने अवस्था छैन ।

संविधानको कार्यान्वयन, राजनीतिक स्थायित्व, आर्थिक, सामाजिक रूपान्तरण, दिगो विकास र सुशासनसहितको भ्रष्टाचाररहित सभ्य सुसंस्कृत समाज निर्माण गर्न हरेक पक्षमा कुशल नेतृत्वसहित प्रभावकारी नीति तथा कार्यक्रम, बजेटको व्यवस्था, अद्यावधिक योजनाको पूर्ण कार्यान्वयन खाँचो छ । नागरिकमा खुसी, सुशासन कायम, कानुनी राज्य निर्माण र विधिको शासन कायम गर्न असल राजनीति र कुशल नेतृत्व राज्यसत्ताको हातमा रहन्छ । भावी दिनमा मुलुकको सुशासन कायम गरी समुन्नतिको आमअपेक्षालाई सम्बोधन गर्न संसद्को सत्तापक्ष होस् अथवा प्रतिपक्ष सबै इमानदारीपूर्वक लाग्नुको विकल्प छैन ।

# तलब पुनरावलोकनको आशा



• भोला शर्मा

मानिस सामाजिक प्राणी हो । समाजको सभ्यता र विकाससँगै मानवीय आवश्यकता र चाहना चुलिँदै जान्छन् । ती आवश्यकताले कर्मचारीलाई पनि पछ्याएको हुन्छ । कर्मचारीको कार्यालयीय जिम्मेवारी मात्र हुँदैन, पारिवारिक, सामाजिक, सांस्कृतिक र नागरिक जिम्मेवारी पनि हुन्छ । ती जिम्मेवारी पूरा गर्न कर्मचारीको मौजुदा तलबले सम्भव छैन । वर्तमान तलब संरचना विश्वमा कममध्येको एक र दक्षिण एसियामा सबैभन्दा कम छ । नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७९ साउन २६ को निर्णयानुसार २०७९ साउन १ देखि लागु हुने गरी निर्धारण गरिएको तलबमान अनुसार निजामती सेवाको सर्वोच्च पद मुख्य सचिवको सुरु तलब स्केल ७७,२११ रुपियाँ छ । सबैभन्दा कान्छो पद कार्यालय सहयोगी प्रथमस्तरको सुरु तलब स्केल २४,७०२ रुपियाँ छ । यो तलबले कर्मचारीले जीवन निर्वाह गर्न सक्छ त ? यो सधैँ अनुत्तरित प्रश्नका रूपमा खडा भएको छ । उता बेरोजगारीको सामना गरिरहेका नवयुवाको जमातले सरकारी सेवामा उम्मेदवारी नदिनुका विभिन्न कारणमध्ये अति न्यून तलब पनि एक हो । फलस्वरूप भ्रष्टाचार बढिरहेको छ भने सरकारी सेवाको आकर्षण घटिरहेको छ । आशा, भरोसा र विश्वासका धरोहर ऊर्जाशील युवाशक्ति मुलुकबाट पलायन भइरहेको छ । त्यसैले त्रिभुवन अन्तर र्ष्ट्रिय विमानस्थलको वैदेशिक टर्मिनल दिनहुँ खचाखच भएको छ ।

कर्मचारीले के खाने, के लाउने अनि कसरी जिउने र जीवनस्तर कतिसम्म सामाजिक र कतिसम्म मनोरञ्जनमय बनाउने भन्ने त्यही तलबले निर्धारण गर्छ । कर्मचारीले सङ्गठनमा कार्यसम्पादन ऊर्जा कसरी खर्च गर्छ भन्ने उसको उत्प्रेरणा र मनोबलले निर्धारण गर्छ । भोको पेट, रुग्ण पहिरन, मानसिक तनाव, आवश्यकताको दबाब र सदैव अभावैअभाव रहेको अवस्थामा कर्मचारीबाट उच्च कार्यसम्पादनको अपेक्षा गर्न सकिन्न । त्यसै गरी निजामती सेवा ऐन र सार्वजनिक संस्थानका विनियमावलीमा कर्मचारीको सबै समय नेपाल सरकारको/सम्बन्धित निकायको अधीनमा हुने र जुनसुकै समयमा निजलाई काममा खटाउन सकिने भनिएको छ र इमानदार काम गर्ने कर्मचारीलाई सोही अनुसार परिचालन पनि गरिएको छ ।

उत्प्रेरित जनशक्ति कुनै पनि सङ्गठनका सम्पत्ति हुन् भने अनुत्प्रेरित जनशक्ति ऋणतुल्य । तथापि नेपालमा न्यून तलब र कर्मचारी पेल्ने कानुनका सामु कर्मचारीको जागिरे जीवन मस्त हुनुपर्नेमा अस्तव्यस्त भएको छ । नेपाल सरकारले आफ्ना सन्तानसरहका कर्मचारीलाई हृष्टपुष्ट भएको देख्ने वातावरण बनाउनु पर्छ । नेपाल सरकार र मातहतका कर्मचारीबिच एक किसिमको शीतयुद्ध पैदा भएको छ । बजेटको पूर्वसन्ध्यामा कर्मचारीका संघ सङ्गठनको सधैँ एउटै माग दोहोरिइरहेको छ, त्यो हो तलबवृद्धि ।

निजामती सेवा ऐन, २०४९ (संशोधनसहित) मा तीन सदस्यीय तलब भत्ता पुनरवलोकन समितिको व्यवस्था गरिएको छ । मुख्य सचिवको संयोजकत्वमा अर्थ मन्त्रालयका सचिव र सामान्य प्रशासन मन्त्रालयका सचिव सदस्य रहने उक्त समितिले प्रत्येक वर्ष उपभोक्ता मूल्यसूचीका आधारमा महँगी भत्ता निर्धारण गरी नेपाल सरकारसमक्ष सिफारिस गर्ने छ भनी उल्लेख गरिएको छ । त्यसै गरी सो समितिले प्रत्येक तीन वर्षमा राजस्व वृद्धिदर, कुल दरबन्दी संख्या र विगत तीन वर्षमा मूल्यसूचीका आधारमा प्रदान गरिएको महँगी भत्तासमेतलाई आधार बनाई तलब भत्ता तथा अन्य सुविधा पुनरावलोकन गर्ने छ र सो समितिले अन्य कार्यविधि आफैँले तय गर्न सक्ने छ भनी व्यवस्था गरिएको छ । उक्त व्यवस्था पनि सैद्धान्तिक रूपमा एउटा अब्बल प्राज्ञिक विषय मात्र बनेको छ ।

पूर्वमुख्य सचिव लीलामणि पौडेलको अध्यक्षतामा गठित उच्चस्तरीय तलब आयोगले नेपाल सरकारसमक्ष पेस गरेको प्रतिवेदनमा निजामती कर्मचारीको न्यूनतम तलब ३५ हजार रुपियाँ बनाउन सिफारिस गरेको छ । आयोगले मुख्य सचिवको तलब एक लाख २२ हजार पाँच सय रुपियाँ बनाउन सिफारिस गरेको छ । उक्त सिफारिस कार्यान्वयनमा आउन सकेको छैन । सालिन्दा आकासिएको महँगी र कर्मचारीको तलबबिच पटक्कै मेल खान सकेको छैन ।

भनिन्छ, कुनै पनि सरकार त्यस देशका कर्मचारीभन्दा असल हुन सक्दैन । सरकारको करिब तीन करोड नागरिकप्रतिको जिम्मेवारी र कर्तव्यलाई कर्मचारीले सार्वजनिक सेवा प्रवाहमार्फत पूरा गर्नुपर्ने हुन्छ । यस अर्थमा सरकारको सफलता वा असफलता कर्मचारीतन्त्रमा निर्भर गर्छ । नेपाल सरकारले कर्मचारीको आधारभूत जीवन निर्वाह गर्न पुग्ने तलब भत्ता व्यवस्था गरेमा मात्र न्यूनतम जिम्मेवारी पूरा भएको मानिन्छ ।

तलब निर्धारणका अनेक सिद्धान्त प्रचलित छन् । तथापि नेपालको तलब निर्धारण कुनै पनि सिद्धान्तसँग मेल खाँदैन । एडम स्मिथको ज्यालाकोषको सिद्धान्तबमोजिम न यहाँ कुनै ज्यालाकोष खडा गरिएको छ न त रिकार्डोले भनेजस्तो एक परिवारको चार जना सदस्यलाई ३.५ उपभोग एकाइ मानी प्रतिव्यक्ति प्रतिदिन २३०० क्यालोरी शक्ति उपलब्ध हुने गरी तलब निर्धारण गरिएको छ । सौदाबाजीको सिद्धान्तलाई पनि उपेक्षा गरिएको छ जसका कारण माथि उल्लेख भएझैँ कर्मचारीले बजेटको पूर्वसन्ध्यामा राष्ट्र निर्माणका अन्य माग राख्नुपर्नेमा त्यही तलबवृद्धिको माग राख्नु परेको छ ।

त्यसैगरी सीमान्त उत्पादकत्वको सिद्धान्त, श्रम बजारको सिद्धान्त, समान कामका लागि समान तलबको सिद्धान्त, कार्यसम्पादनमा आधारित तलब प्रणाली सैद्धान्तिक विषयवस्तुका रूपमा मात्र प्रस्तुत हुने गरेका छन् । केही विद्वान्ले रोजगारदाताको तिर्न सक्ने क्षमताको सिद्धान्त अनुशरण गरिएको दाबी गरे पनि तलब राजस्व वृद्धिदरको तुलनामा निकै कम देखिन्छ । गत जेठ १ गते प्रस्तुत भएको सरकारको नीति तथा कार्यक्रममा अर्थतन्त्रका सूचक सकारात्मक रहेको र शोधनान्तर स्थिति पनि गत वर्षको तुलनामा सुदृढ रहेको तथ्याङ्क प्रस्तुत गरिएको छ । यस अर्थमा पनि तलब संरचनामा पुनरावलोकन गर्न उचित देखन्छ । तलब पुनरावलोकनका लागि निजामती सेवा ऐनमा उल्लिखित समितिलाई नै पूर्ण अधिकार प्रदान गरी तलबवृद्धि गर्न आवश्यक छ ।

तलबवृद्धि कर्मचारीको ऊर्जा सङ्गठनमा समर्पित गराउन, कर्मचारीको लक्ष्य र साङ्गठनिक लक्ष्यबिच संयोजन गर्न, कर्मचारीलाई उत्प्रेरित र उच्च मनोबलयुक्त बनाउन, रोजगारदाता (नेपाल सरकार) र कर्मचारीबिच सुमधुर सम्बन्ध स्थापित गर्न, भ्रष्टाचार न्यूनीकरण गर्न, कर्मचारीको जीवनस्तर र सामाजिक प्रतिष्ठामा सुधार ल्याउन आवश्यक छ । नेपाल सरकार, अर्थ मन्त्रालय आर्थिक वर्ष २०८१/८२ को लागि बजेट निर्माण गर्न क्रियाशील रहेको छ । यस पटकका लागि यो निर्माणाधीन बजेटले कर्मचारीको तलब संरचनामा माथिका दृष्टान्तलाई ध्यानमा राखी गरी पुनरावलोकन गर्न आवश्यक छ । अर्को पटकदेखि प्रत्येक वर्ष मूल्यवृद्धिको अनुपातमा तलबसमेत स्वचालित रूपमा वृद्धि हुने गरी वैज्ञानिक आधारमा तलब व्यवस्थापन गर्न जरुरी छ । किनकि अक्षरका अन्नले पेट भरिँदैन, आश्वासनका नाराले परिवार पालिँदैन । यो वास्तविकता सम्बन्धित निकायले हेक्का राख्न जरुरी छ ।

# मोरङ कारागारका कैदीको मृत्यु

झापा(प्रस) । विराटनगरस्थित जिल्ला कारागार मोरङका एक जना कैदीको मंगलबार बिहान मृत्यु भएको छ।

लागूऔषध मुद्दाका कैदी मोरङको पथरीशनिश्चरे नगरपालिका-१० का ३९ वर्षीय धनबहादुर थापाको मृत्यु भएको कारागारका जेलर चेतराज बरालले जानकारी दिए। उनका अनुसार खाना खाएर बसेका थापा बिहान ११:४५ बजेतिर अचानक बेहोस भएर ढलेका थिए। एम्बुलेन्समा राखेर उपचारका लागि विराटनगरको कोशी अस्पताल लगिएको थियो। अस्पताल पुऱ्याउनसाथ चिकित्सकले मृत घोषित गरेको जानकारी बरालले दिए। उनका अनुसार मृतक थापालाई मुटु रोग सम्बन्धी पुरानै समस्या थियो। 'यसअघि पनि उपचारका लागि अस्पताल लैजाने गरिएको थियो,' बरालले भने, 'नियमित औषधि सेवन गरिरहेका थिए।' मृतकको शव परिवारलाई बुझाउने तयारी भइरहेको उनले बताए।

थापालाई लागूऔषध मुद्दामा जिल्ला अदालत मोरङले २०८० फागुन १० गते २ वर्ष कैद सजायको फैसला गरेको थियो। तर, त्यसअघि २०८० असोज १७ गते अदालतले उनलाई थुनामा राखेर मुद्दाको पुर्पक्ष गर्न आदेश दिँदै कारागार चलान गरेको थियो। अदालतको फैसालअनुसारको सजाय भुक्तान गरिरहेका थापाको मृत्यु भएको जेलर बरालले बताए। उनका अनुसार मोरङ कारागारमा मंगलबारसम्म १ सय जना महिला र बालबालिकासहित १ हजार २ ९ जना कैदीबन्दी रहेका छन्। कारागारको क्षमता २ सय ५० जनाको हो। तर, क्षमताभन्दा बढी राखिएपछि कैदीबन्दीले अनेक समस्या झेल्नु परिरहेको छ। कैदीबन्दीलाई सुत्न, खान र बस्न समेत समस्या भइरहेको कारागारले जनाएको छ।

# तेह्र खर्बको आयात, एक खर्ब २६ अर्बको निर्यात

झापा(प्रस) । चालु आर्थिक वर्षको वैशाख मसान्तसम्ममा मुलुकले रु ११ खर्ब ७७ अर्ब १८ करोड ३४ लाख बराबर व्यापार घाटा व्यहोरेको छ । भन्सार विभागले सार्वजनिक गरेको तथ्याङ्कअनुसार गत वैशाख मसान्तसम्ममा रु १३ खर्ब तीन अर्ब ३५ करोड ७० लाख बराबरको वस्तु आयात भएको थियोभने रु एक खर्ब २६ अर्ब १७ करोड ३५ लाख बराबरको निर्यात भएको थियो ।

विभागका अनुसार चालु आवको १० महिनामा रु १४ खर्ब २९ अर्ब ५३ करोड पाँच लाख बराबरको वैदेशिक व्यापार भएको छ । यो अवधिको कुल वैदेशिक व्यापार गत आर्थिक वर्षको सोही अवधिको तुलनामा दुई दशमलव ५० प्रतिशतले घटेको हो । गत आर्थिक वर्षको दश महिनाको तुलनामा आयात दुई दशमलव ३९ र निर्यात तीन दशमलव ६१ प्रतिशतले घटेको छ ।

समीक्षा अवधिमा भारतसँग नेपालले रु सात खर्ब २९ अर्ब ७० करोड बराबरको व्यापार घाटा व्यहोरेको छ । भारतबाट रु आठ खर्ब १५ अर्ब ७२ करोडको आयात र रु ८६ अर्बको निर्यात भएको छ । नेपालसँग दोस्रो ठूलो वैदेशिक व्यापार छिमेकी मुलुक चीनसँगको व्यापार घाटा रु दुई खर्ब ३८ अर्ब ५५ करोड बराबर रहेको छ । दश महिनामा चीनसँग रु दुई खर्ब ४० अर्ब ८३ करोड बराबरको आयात हुँदा रु २२ अर्ब ७४ करोड बराबरको निर्यात भएको छ ।

वैशाख मसान्तसम्मको वैदेशिक व्यापारमा सबैभन्दा धेरै आयात पेट्रोलियम पदार्थको भएको छ । यो अवधिमा रु एक खर्ब १५ अर्ब ६७ करोड बराबरको डिजेल रु ५६ अर्ब ८० करोड बराबरको डिजेल र रु ४६ अर्ब बराबरको खाना पकाउने ग्यास आयात भएको छ । सोही अवधिमा रु २४ अर्ब एक करोड बराबरको मोबाइल फोन आयात भएको छ ।

नेपालले बढी निर्यात गरेका वस्तुमा कार्पेट रु आठ अर्ब ७९ करोड, अलैंची रु छ अर्ब ९१ करोड, फलामजन्य वस्तु रु पाँच अर्ब ५२ करोड र पाम आयल रु पाँच अर्ब ६० करोड बराबर छ ।

**सशस्त्र ..**

सम्मान गरेका थिए । कार्यक्रमको उद्घाटन गर्दै कार्यक्रमका प्रमुख अतिथि सशस्त्र प्रहरी नायव महानिरीक्षक सुवेदीले संगठनको निर्देशनमा रहि देश र जनताको सेवामा समर्पित रहेर सीमा सुरक्षामा सकृय भएर लाग्न प्रहरीलाई निर्देशन दिए। झापाका प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद वास्तोलाले जिल्लाको सीमा सुरक्षालाई कडाई गर्दै सीमा केन्द्रीत कार्यक्रम ल्याउनु पर्नेमा जोड दिए ।



विभिन्न देशप्रेमको झल्को दिने गीत नृत्यसहितको सांस्कृतिक प्रस्तुती रहेको कार्यक्रममा गण प्रमुख सशस्त्र प्रहरी उपरीक्षक कविन्द्र राईले धन्यवाद ज्ञापन गरेका थिए । १ सय ४५ किलोमिटर खुला सीमा रहेको झापामा ९ सय ९५ सीमा स्तम्भ र २१ वटा सशस्त्र विट रहेका छन् ।


**एक्सेल डेभलपमेन्ट बैंक लि.**
Excel Development Bank Ltd.
... तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)

**निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना**

कोशी प्रदेश, तेह्रथुम जिल्ला, आठराई गाउँपालिका वडा नं.-५ स्थायी ठेगाना भई झापा जिल्ला अर्जुनधारा गाउँपालिका वडा नं.- ९ मा बस्नुहुने श्री नारदमणी सुवेदीका छोरा,श्री बिष्णु कुमारी सुवेदीका पति श्री राम प्रसाद सुवेदीको मिति२०८०/०६/०२गते मृत्यु भएकाले निजका नाममा यस बैंकको शाखा कार्यालय बुधबारेमा रहेको बचत खाता नं. 00601000204826000001 मा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतककी श्रीमती श्री बिष्णु कुमारी सुवेदीले मिति २०८१/०२/०७मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ वमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्वन्धित सवैमा जानकारीका लागि सूचित गरिएको छ ।

शाखा कार्यालय, बुधबारे
फोन नं. ०२३-५५५४२७



**पृथ्वी सबैको साझा घर हो ।**
**वन्यजन्तु तथा मानवको सहअस्तित्वमा जोड दिऔं ।**
**मानव हात्ती द्वन्दको अन्त्य गरौं ।**

हात्तीबाट सुरक्षित रहन ध्यान दिनु पर्ने कुराहरु:

- हात्ती आएको थाहा पाउने वित्तिकै जतिसक्दो छिटो सुरक्षित स्थानमा जाने, हात्तीबाट टाढै रहने ।
- हात्ती देख्नासाथ हो-हल्ला नगर्ने, आगोले नहान्ने, पटका नपड्काउने ।
- खेतीबाली, अन्न र घर सम्पत्ती भन्दा पहिला मानिस सुरक्षित रहने ।
- हात्ती धपाउदा सामूहिक प्रयास तथा सुरक्षित दुरीको पालना गर्ने ।
- मदिरा जन्य पद्वार्थ, नुन, अन्न मानिस सुत्ने ठाउँ नजिक नराख्ने । साथै मदिराजन्य पद्वार्थको सेवन गरी रातको समयमा हिडडुल नगर्ने ।
- घर वरीपरी विजुली बत्ती बाल्ने वा शक्तिशाली टर्चको प्रयोग गर्ने ।
- विहान तथा साँझको मधुरो प्रकाश भएको वेला वा रातीको अध्यारोमा सकभर हिडडुल नगर्ने ।
- बच्चासँग भएको हात्ती र माद चढेको हात्ती बढी आक्रमक हुने भएकाले संयमता अपनाउने ।
- गाउँ बस्तीबाट हात्तीलाई भगाउनु परेमा हात्ती जाने बाटो छोड्ने, चारै तिरबाट घेरा नहाल्ने ।

**याद राखौं, जंगली हात्ती नियन्त्रणको लागि विद्युतिय धराप थाप्नु दण्डनिय अपराध हो ।**

थप जानकारीको लागि:
डिभिजन वन कार्यालय, झापाको फोन नं. ०२३-४५२०५३
रातीको समयमा वन क्षेत्रको बाटो हिड्दा विशेष सतर्कता अपनाउनुहोस ।



**वन डढेलो नियन्त्रण सम्बन्धी डिभिजन वन कार्यालय झापाको सूचना**

वन र वन्यजन्तु प्रकृतिका अमूल्य उपहार हुन्, यसको संरक्षण गर्नु हामी सबैको साझा दायित्व हो ।
झापा जिल्ला न्यून वन क्षेत्र तथा धेरै जनसंख्या भएको जिल्ला हो। यस जिल्लाको वन क्षेत्र कम सँगसँगै स-साना खण्डहरूमा बाँडिएर रहेका छन् भने प्रायःजसो सबै वन क्षेत्रहरू घना बस्तीले घेरिएर रहेका छन् ।
सुख्खा तथा हावाहुरी लाग्ने मौसमको सुरूवातसँगै वन डढेलोको जोखिम पनि बढेको छ । बनमा डढेलो लागिसकेपछि नियन्त्रण गर्न निकै कठिन हुन्छ साथै वन डढेलोले वन तथा वन्यजन्तुको अतुलनीय क्षति समेत गर्दछ ।
वन डढेलो लाग्न नदिन,

- वन क्षेत्रमा बलेको सलाईको काँटी, चुरोट, कोइला नफालौ ।
- खेत, आवादी क्षेत्रमा आगो लगाउँदा नजिकैको जंगलमा आगो नसल्कियोस् भन्ने कुरामा ध्यान दिऔं, हुरी बतासको समयमा आगो नलगाऔं ।
- जानी जानी वा व्यक्तिगत रिसिईबीको कारण वनमा आगो नलगाऔं ।
- स्वार्थवश वनमा घाँसको लागि आगो नलगाऔं ।
- सामुदायिक वन उपभोक्ता समूहले सुख्खा मौसममा नियमित वनको निगरानी बढाऔं, आवश्यकता अनुसार वन प्रवेशमा बन्देज लगाऔं, स्रोत साधनसहितको डढेलो नियन्त्रणका लागि युवा दस्ता गठन गरि परिचालन गरौं ,अग्नी रेखा सरसफाई गरौं तथा स्थानीय स्तरमा विभिन्न जनचेतनामुलक प्रचारप्रसार कार्यक्रम राखौं ।
- आगो लागेको सूचना तत्काल वन कर्मचारी, प्रहरी, वन समूह, स्थानीय तहलाई दिऔं तथा डढेलो नियन्त्रणमा आफ्नो अमूल्य सहयोग प्रदान गर्नु होस् ।

स्वच्छ हावापानी र स्वस्थ्य जनजीवनको लागि वन र वन्यजन्तु अपरिहार्य छ । वन र वन्यजन्तुको संरक्षण हाम्रो लागि नै हो । तपाई हाम्रो एक आपसको सहयोगले ठुलो मात्रामा हुन सक्ने प्राकृतिक तथा मानवीय क्षति टार्न सक्छौं । त्यसैले वन डढेलोबाट वन जंगल र वन्यजन्तु जोगाउने हाम्रो यो अभियानमा सबै जना सहभागी बनौं ।

**डिभिजन वन कार्यालय, झापा** सम्पर्क: ०२३४५२०५३, ९८५२६५५१८९



**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा



सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन **वर्गीकृत विज्ञापन**

**अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा**



PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

**सुपर काइनेटिक एक्सप्रेस कुरियर**
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ


**तपाईकोमा प्रतिदिन आएन ?**
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०





**मानव डेन्टल**
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट





## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |


## आजको राशिफल

**मेष** रोकिएका कामहरू पुनः सुरु हुन सक्छन् । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।

**वृष** आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सौन्दर्यतामा धन खर्च हुनेछ ।

**मिथुन** सुखदुःख बराबरी खालको समय रहनेछ । सद्विचारले अभिप्रेरित लाभ मिल्नेछ ।

**कर्कट** जोशजाँगर र उमङ्ग बढ्नेछ । नयाँ काममा हात हाल्ने समय छ ।

**सिंह** सरकारी निकायको भय रहला । शेयर बजारले पनि साथ नदेला ।

**कन्या** मिष्ठान्न भोजन प्राप्ति होला । तपाईंलाई कसै कसैले भित्र भित्रै मन पराउन सक्छन्

**तुला** कलहको योग भएकाले कसैसँग बोल्दा वा ठट्टा गर्दा सतर्कता अपनाउनुहोला ।

**वृश्चिक** आर्थिक क्षेत्रमा सङ्कट आउला, तर साँझमा मन प्रसन्न रहनेछ ।

**धनु** आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

**मकर** नयाँनयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

**कुम्भ** ठुलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । सामान हराउने भय पनि छ ।

**मिन** आज आफन्तसँग सहकार्यको अवसर मिल्नेछ । एउटै कामबाट दोहोरो लाभ